# गौरादह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गौरादह, झापा
कोशी प्रदेश, नेपाल

प.सं.:- ०८१।८२
च.नं.:-

मिति २०८१/११/२९

**समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सुचना**

(पहिलो पटक प्रकाशित मितिः २०८१/११/२९)

यस गौरादह नगरपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन भईरहेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। गौरादह नगरपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरीपन्ध्र दिनभित्र गौरादह नगरपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ। रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

**तपसिल**

१. विज्ञापन नं. १५/२०८१/०८२ पद र माग संख्याः १

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | १५/२०८१/०८२ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | १ |

२. सेवाको किसिमः करार सेवा

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

(क) नेपाली नागरिक,

कृष्ण प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# गौरादह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गौरादह, झापा
कोशी प्रदेश, नेपाल

प.सं.:- ०८१।८२
च.नं.:-

मिति २०८१/११/२९

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) पुरुषका हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

(घ) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने। तर, छनोट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,

(ङ) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(च) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

४. तलव, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. २५,०००।– (पच्चिस हजार रुपैयाँ मात्र) र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. उम्मेद्वारको उमेर

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरूको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८१/१२/१४) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।

(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति २०८१/१२/१४) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।

६. उम्मेद्वारको छनोट विधिः समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनौट सम्बन्धी मार्गदर्शन,२०८० र गौरादह नगरपालिकाको करारमा प्राविधिक कर्मचारी छनौट सम्बन्धी कार्यविधि २०७५ बमोजिम प्रारम्भिक योग्यताक्रमको संक्षिप्त सुची प्रकाशन, लिखितपरीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान

(क) गौरादह नगरपालिका कार्यालयबाट वा नगरपालिकाको वेभसाईटबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी कार्यालय समयभित्र यसै पालिकाको कार्यालयमा बुझाउनु पर्ने,

कृष्ण प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# गौरादह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गौरादह, झापा
कोशी प्रदेश, नेपाल

प.सं.:- ०८१।८२
च.नं.:-

मिति २०८१/११/२९

८. परीक्षा दस्तुरः रू ४००/-

९. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः गौरादह नगरपालिकाको कार्यालयको राजश्व शाखा मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

१०. दरखास्त फाराम भर्ने मितिः मिति २०८१/११/२९ देखी २०८१/१२/१४ सम्म।

११. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तीन दिन भित्र टेलिफोन गरी जानकारी गराइने छ। साथै यस गौरादह नगरपालिकाको सूचनापाटी ,वेभसाईट र फेसबुक पेज मार्फत सुचना गरिनेछ।

१२. पाठ्यक्रमः दरखास्त फारामसँगै प्राप्त गर्न सकिने।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा दरखास्त बुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ।

१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकारयस पालिकालाई हुनेछ।

१५. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस पालिकाको कार्यालयको टेलिफोन नं ०२३ ५९७००६ मा सम्पर्क गरी बुझ्न सकिने छ।

कृष्ण प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत